मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

जनकपुरधाम,धनुषा,नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

सुचना प्रकाशित मिति : २०८२।०१।१८

यस निर्देशनालयको आ.व. २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग कार्यक्रमलाई सहयोग पुर्याउन प्रदेशका विद्यालयहरुमा स्टाफ नर्स परिचालन कार्यक्रम अन्तर्गत प्रदेश भित्रका ८ वटै जिल्लाका सामुदायिक विद्यालयहरुमा रहने गरी विद्यालय नर्सको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राखु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरेको छ । यसको फाराम, कार्य-विवरण,पारिश्रमिक तथा सेवाका शर्तहरु सहितको विस्तृत विवरण वेवसाइट edd.madhesh.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**१.जम्मा माग पद, संख्याः** स्टाफ नर्स (सहायक पाँचौं):- ५३

| समूह | खुला तर्फ | मधेशी | दलित | मुस्लिम | आदिवासी/ जनजाति | थारु | आर्थिक रुपले विपन्न खस आर्य | अपाङ्ग |
|---|---|---|---|---|---|---|---|---|
| विज्ञापन नं | ०१।२०८१।८२ | ०२।२०८१।८२ | ०३।२०८१।८२ | ०४।२०८१।८२ | ०५।२०८१।८२ | ०६।२०८१।८२ | ०७।२०८१।८२ | ०८।२०८१।८२ |
| पद संख्या | २७ | १४ | ४ | ४ | १ | १ | १ | १ |

**२. शैक्षिक योग्यता र अनुभव :**

क. नेपाली नागरिक ।

ख. न्यूनतम योग्यता : नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स उतिर्ण गरेको ।

ग. १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने ।

घ नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाण-पत्र)

ङ. सम्बन्धित क्षेत्रमा अनुभव भएको र स्थानीयलाई प्राथमिकता दिइनेछ ।

च. अन्य प्रचलित कानून द्वारा अयोग्य नभएको ।

छ. समावेशी समूहको लागि प्रचलित कानून बमोजिमको प्रमाणित कागजात।

**३. दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदबारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्ने छ। पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदबार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्ने छ ।

**४. छनौटः** लिखित र अन्तर्वार्ताको आधारमा गरिनेछ ।

**५.तलब स्केलः** मधेश प्रदेश सरकार,विद्यालय स्वास्थ्य नर्सिङ्ग परिचालन कार्यविधि, २०८१ बमोजिम हुनेछ।